# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौँ



**मिति २०८० असार ३ गते**

# प्रस्तुतिका विषयहरु

- अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय
- आयोगको रणनीति र क्रियाकलापहरु
- उजुरी दर्ता, छानविन तथा अभियोजनको अवस्था
- भ्रष्टाचार नियन्त्रणका चुनौति तथा समस्याहरु
- संसदीय समितिसँग आयोगको अपेक्षा
- संसदीय समितिसमक्ष आयोगको प्रतिवद्धता

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगको परिचय

# आयोगको पृष्ठभूमि

**नेपालको संविधान, २०१९**
(दोस्रो संशोधन, २०३२)

- अख्तियार दुरुपयोग निवारण आयोग

**नेपाल अधिराज्यको संविधान, २०४७**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**नेपालको अन्तरिम संविधान, २०६३**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**२०७२ सालको नेपालको संविधान**

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# विभिन्न समयमा आयोगको संवैधानिक जिम्मेवारी

| g]kfnsf] ;+ljwfg, @)!( | g]kfn clw/fHosf] ;+ljwfg, @)$& | g]kfnsf] cGtl/d ;+ljwfg, @)^# | g]kfnsf] ;+ljwfg |
|---|---|---|---|
| *(दोस्रो संशोधन, २०३२ द्वारा थप भई २०३४/८/१ देखि प्रारम्भ)* धारा ६७ग (३) आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि श्री ५ बाट नियम बनाई तोकि बक्सेबमोजिम हुने। | धारा ९८(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने<br><br>धारा ९८(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन वा विभागीय वा अन्य कारबाहीका लागि लेखी | धारा १२०(१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्ने<br><br>धारा १२०(३) सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको देखिएमा निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानुनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको | धारा २३९(१) कुनै सार्वजनिक पदधारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानुन बमोजिम अनुसन्धान गर्न वा गराउन सक्ने |

# आयोगसम्बन्धी संवैधानिक व्यवस्था

- ❖ **धारा २३८ - आयोगको गठन** : प्रमुख आयुक्त र अन्य चार जना आयुक्त रहने तथा ६ वर्षको पदावधि हुने, राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा नियुक्ति
- ❖ **धारा २३९ - काम, कर्तव्य र अधिकार** : सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्न वा गराउन सक्ने तथा भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा मुद्दा दायर गर्न वा गराउन सक्ने
- ❖ **धारा २९३ - उत्तरदायी, जवाफदेही तथा अनुगमन** : आयोग संघीय संसदप्रति उत्तरदायी र जवाफदेही रहने, यसको काम कारवाहीको अनुगमन र मूल्याङ्कन संसदीय समितिबाट हुने
- ❖ **धारा २९४ - वार्षिक प्रतिवेदन** राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत संघीय संसद समक्ष पेश गर्न लगाउने तथा प्रत्येक प्रदेशको काम कारवाहीको सम्वन्धमा अलग अलग प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने

# आयोगको संवैधानिक र कानुनी जिम्मेवारी

**नेपालको संविधानः भाग २१ धारा २३९: काम, कर्तव्य र अधिकार**

- सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अनुसन्धान गर्ने,
- अनुसन्धानबाट भ्रष्टाचार गरेको देखिएमा मुद्दा दायर गर्ने
- आवश्यक कारवाहीका लागि सम्बन्धित् अधिकारी वा निकाय समक्ष लेखी पठाउने

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८**

- भ्रष्टाचारको अनुसन्धान, तहकिकात, मुद्दा दायर र तत्सम्वन्धी कार्य गर्ने

**सुधारात्मक अन्य कार्यहरु**:

- विद्यमान ऐन, नियम, निर्णय, आदेश, कारवाही वा प्रचलनमा त्रुटी भए सुधार वा आवश्यक कारवाहीका लागि लेखी पठाउने
- भ्रष्टाचार रोकथाम गर्ने उद्देश्यले प्रवर्द्धनात्मक र निरोधात्मक कार्यहरु
- भ्रष्टाचार नियन्त्रण गर्न स्थापित राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थाहरुसँग आपसी सहयोग, सम्वन्ध र समन्वय गर्ने
- विशेषज्ञ वा विशिष्टिकृत सेवा प्राप्त गर्न सक्ने
- अधिकार प्रत्यायोजन गर्न सक्ने।

# अन्य कानूनी व्यवस्थाहरु

**आयोगलाई निश्चित प्रक्रिया र पद्धतिमा सञ्चालनका लागि सम्वद्ध कानुनहरु:**

- भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, 2003 (UNCAC)
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- भ्रष्टाचार निवारण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०७८
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पदाधिकारी एवं कर्मचारीहरूको आचारसंहिता, २०७६
- आयोग तथा अनुसन्धानलाई प्रभावकारी बनाउने विभिन्न निर्देशिकाहरू/ कार्यविधिहरू

# आयोगः साङ्गठनिक संरचना

**आयोग**
**(पाँच जना पदाधिकारीहरु)**

- आयोगको कार्यालय
- **आयोगका मातहत कार्यालयहरू (७+१)**
  इटहरी, हेटौँडा, बर्दिबास, पोखरा, बुटबल, (नेपालगञ्ज), सुर्खेत, कञ्चनपुर,

# आयोगमा उजुरी दर्ता र अनुसन्धानको प्रक्रिया

**१. उजुरी दर्ताः**

- उजुरी दर्ताका माध्यमहरू: (वेबसाइट, ई-मेल, एप, फेसवुक, भाइवर, ट्वीटर, विभिन्न प्रतिवेदन, पत्रपत्रिका, टेलिफोन, चिठी, निवेदन तथा हटलाईन)
- आयोगको OAS System वाट उजुरीको लगत तयारी,
- प्रमुख आयुक्त तथा सचिवको सचिवालयमा दर्ता भई स्क्रिनिङका लागि सिफारिस।
- उजुरीकर्ताले चाहेमा निजको नामथर, वतन गोप्य राख्न सक्ने।

**२. स्क्रिनिङः (उजुरी परीक्षण)**

- सचिवको संयोजकत्वमा सबै महाशाखा प्रमुखहरूको उपस्थितिमा स्क्रिनिङ बैठक
- स्क्रिनिङ् समितिले उजुरीको बर्गीकरण गरी निम्न कार्य गर्ने:

  - तत्काल छानविन गर्नुपर्ने भए आयोगमा राय सहित सिफारिस गर्ने,
  - तामेली गर्नुपर्ने मनासिव कारण भए सो खुलाई आयोगमा पेश गर्ने, (आयोग नियमावली, २०५९ को नियम १०: उजुरी तामेली वा मुल्तवीमा ताख्न सकिने)

३. आयोगको कार्य:

- उजुरी छानविनका लागि उजुरी परीक्षण समितिको सिफारिसबमोजिम:

  - आवश्यक छानविनका लागि सम्वन्धित निकाय वा कार्यालयमा लेखी पठाउने (आयोग नियमावली, २०५९ को नियम ९)
  - तामेली वा मुल्तवी गर्ने
  - प्रारम्भिक छानविनका लागि सम्वन्धित महाशाखा वा कार्यालयमा पठाउने ।

# उजुरी दर्ता र अनुसन्धानको प्रक्रिया क्रमश:....

**४. प्रारम्भिक छानविन:**
- छानविन अधिकृत तोकिने,
- छानविन अधिकृतद्वारा उजुरी परेको निकायवाट कागजात माग गर्ने, आवश्यकतानुसार स्थलगत छानविन गर्ने,
- भ्रष्टाचार भएको पुष्टि हुने पर्याप्त आधार, कारण र प्रमाण नभए तामेलीको लागि सिफारिस गर्ने, वा
- भ्रष्टाचार भएको पुष्टि हुने पर्याप्त आधार, कारण र प्रमाण भएमा विस्तृत अनुसन्धानका लागि सिफारिस गर्ने ।

**५. बिस्तृत अनुसन्धान:**
- आयोगद्वारा अनुसन्धान अधिकृत तोकिने,
- स्थलगत अवलोकन, नापजाँच, अध्ययन  गरिने, बयान लिइने तथा आवश्यक जाँच गरिने,
- भ्रष्टाचारको कसुर प्रमाणित हुने पर्याप्त आधार, कारण, दशी र प्रमाण नभए तामेली गरिने,
- पूर्णता परीक्षण समितिमा प्रतिवेदन पेश गर्ने (आयोगमा प्रतिवेदन पेश गर्ने पूर्वतयारी)

**६. आयोगको निर्णय र अभियोजन:**
- अनुसन्धान अधिकृतले आयोगमा प्रतिवेदन पेश गर्ने,
- आयोगले निर्णय गर्ने ।

आयोगको निर्णय: (तामेली वा सुझावसहित तामेली, मुल्तवी वा अदालतमा अभियोजन गर्ने)

**७. पुनरावेदन र पुनरावलोकन:**
- सम्मानित विशेष अदालतवाट आयोगको विपक्षमा भएको फैसला उपर चित्त नबुझे सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिने,
- सर्वोच्च अदालतको फैसलाउपर पुनरावलोकन गर्ने।

# उजुरी दर्ता, छानवीन, अनुसन्धान र अभियोजनसम्बन्धी
# तथ्याङ्कीय झलक


# विभिन्न आर्थिक बर्षमा भएका उजुरी दर्ता, अनुसन्धान र अभियोजन

| क्र.सं. | विवरण | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | 2074/75 | 2075/76 | 2076/77 | 2077/78 | 2078/79 | 2079/80 (वैशाख मसान्तसम्म) |
| 1 | कुल उजुरी | 19488 | 24085 | 25152 | 22625 | 24331 | 22,355 |
| 2 | कुल फछ्र्यौट | 12400 | 15527 | 16952 | 14532 | 17169 | 12,592 |
| 3 | बाँकी उजुरी | 7088 | 8558 | 8200 | 8093 | 7162 | ९,७६३ |
| 4 | फछ्र्यौट प्रतिशत | 63.63 | 64.47 | 67.40 | 64.23 | 70.56 | 56.33 |
| 5 | मुद्दा दायर संख्या | 194 | 351 | 441 | 114 | 131 | 136 जेठ मसान्तसम्म |
| 6 | कसुर स्थापित दर | 67.82 | 88.24 | 84.8 | 71.68 | 38.51 | 30.7 |
| 7 | पुनरावेदन दर्ता संख्या | 68 | 83 | 20 | 58 | 57 | 230 जेठ मसान्तसम्म |


# २०७९ जेठ मसान्त सम्म दायर भएको मुद्दाको संख्यात्मक विवरण

| क्र.सं. | मुद्दाको विवरण | मुद्दको संख्या |
|---|---|---|
| 1 | घुस/रिसवत | २४ |
| 2 | झुठ्ठा/नक्कली शैक्षिक प्रमाणपत्र | ७ |
| 3 | सार्वजनिक सम्पत्ति हानि नोक्सानी | २५ |
| 4 | गैरकानुनी सम्पत्ति आर्जन | ९ |
| 5 | गैरकानुनी लाभ वा हानि | ५५ |
| 6 | राजश्व चुहावट/हिनामिना | ६ |
| 7 | विविध | १० |
| **जम्मा** | | **1३6** |


# विगत १० आर्थिक वर्षको उजुरी, फछ्र्यौट र बाँकी उजुरीको प्रवृति




# विगत 10 आर्थिक वर्षमा विशेष अदालतमा मुद्दा दायरको प्रवृति



# विगत १० आर्थिक वर्षमा विशेष अदालतको फैसलाका आधारमा कसुर स्थापित दरको प्रवृति



# विगत 10 आर्थिक वर्षमा पुनरावेदनको प्रवृति



# आ.व. 2078/79 मा मुद्दा दायर, बिगो र प्रतिवादीको पदगत विवरण

| क्र.सं. | मुद्दाको किसिम | कुल बिगो मागदाबी (रु.) | मुद्दा संख्या | प्रतिवादीको पदगत विवरण | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | भुतपूर्व मन्त्री | विशिष्ट कर्मचारी | अधिकृतस्तर कर्मचारी | | | | सहायक/सहयोगी कर्मचारी | | | | निर्वाचित/ मनोनीत | मतियार/ बिचौलिया/अन्य | जम्मा |
| | | | | | | स.स. | उ.स. | शा.अ. | जम्मा | ना.सु. | खरिदार | स.क. | जम्मा | | | |
| 1 | रिसवत (घुस) | 1,06,66,292 | 32 | | | | | 7 | 7 | 17 | 5 | 1 | 23 | 8 | 14 | 52 |
| 2 | झुठ्ठा शैक्षिक प्रमाणपत्र | 6,74,511 | 6 | | | | | 1 | 1 | 4 | 2 | | 6 | | 1 | 8 |
| 3 | सार्वजनिक सम्पत्तिको हानी नोक्सानी | 1,08,77,35,819.86 | 35 | | 1 | 2 | 8 | 19 | 29 | 14 | 26 | 2 | 42 | 47 | 17 | 136 |
| 4 | गैरकानुनी लाभ वा हानि पुर्याएको | 16,87,12,197.5 | 34 | | | 2 | 15 | 54 | 71 | 48 | 14 | 3 | 65 | 79 | 107 | 322 |
| 5 | गैरकानुनी सम्पत्ति आर्जन | 24,14,98,786.17 | 7 | 1 | | 1 | | 2 | 3 | 3 | | | 3 | | 12 | 19 |
| 6 | राजस्व चुहावट | 1,28,09,65,493.55 | 5 | | | 2 | 6 | 4 | 12 | | | 2 | 2 | 15 | 13 | 42 |
| 7 | विविध मुद्दा | 24,95,000 | 12 | | 2 | 3 | 5 | 20 | 28 | 15 | 3 | | 18 | 2 | 10 | 60 |
| **कूल जम्मा** | | **2,79,27,48,100.11** | 131 | 1 | 3 | 10 | 34 | 107 | 151 | 101 | 50 | 8 | 159 | 151 | 174 | 639 |

# आयोगको विद्यमान रणनीति

दूरदृष्टि: भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माण।

लक्ष्य: राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल/सहज पहुँच हुने गरी भ्रष्टाचार न्यूनीकरण गर्ने।

उद्देश्य: आयोगको संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधिमार्फत भ्रष्टाचार न्यूनीकरण गर्नु।

**मुख्य रणनीति:**

- प्रवर्द्धनात्मक (Promotional)
- निरोधात्मक (Preventive)
- दण्डात्मक (Punitive)
- संस्थागत क्षमता विकास (Institutional Capacity Development)

# आयोगको रणनीति (२०७६/७७-२०८०/८१)



# आयोगको संस्थागत रणनीति... क्रमश:

- **उपचारात्मक रणनीति:** उजुरी दर्ता, छानबिन, अनुसन्धान, तहकिकात र अभियोजन
- **निरोधात्मक रणनीति:** कानुन निर्माण, संशोधनका लागि सुझाव दिँदै सम्बद्ध पक्षहरूलाई जिम्मेवार बनाउने,
- **प्रवर्द्धनात्मक रणनीति:** भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि निकायगत सहकार्य, समन्वय, छलफल, अन्तरक्रिया र प्रचार-प्रसार गर्ने,
- **संस्थागत क्षमता विकास रणनीति:** संस्थागत सुशासन कायम गर्ने र आयोगको क्षमता अभिबृद्धि गर्ने।

# भ्रष्टाचार सम्वन्धमा विश्वमा नेपालको अवस्था

**ट्रान्स्परेन्सी ईन्टरनेशनल(TI)को भ्रष्टाचार अनुभूति सूचकांकको वार्षिक प्रतिवेदन अनुसार:**

- ❖ विज्ञहरुले देशभित्र अनुभूति गरेको भ्रष्टाचारको अवस्थावाट प्रत्येक बर्ष TI ले Ranking र Position को सूची प्रकाशन गर्ने
- ❖ विश्वका १८० वटा देशहरु यस सूचकांकमा सहभागी हुने
- ❖ १०० अंकमध्ये ४० वा सो भन्दा कम अंक ल्याउने देशमा भ्रष्टाचारको अवस्था भयावह रहेको मानिने,
- ❖ ५० अंक वा सो भन्दा माथि अंक ल्याउने मुलुकमा भ्रष्टाचार नियन्त्रणमा रही सुशासन प्रवर्द्धन हुँदै गएको मानिने

# विगत ५ वर्षको भ्रष्टाचार अनुभूति सूचकाङ्क

| देश | २०१८ | | २०१९ | | 2020 | | 2021 | | 202२ | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अंक | स्थान | अंक | स्थान | अंक | स्थान | अंक | स्थान | अंक | स्थान |
| भूटान (१) | ६८ | २५ | ६८ | २५ | ६८ | 24 | **६८** | **२५** | **68** | **25** |
| माल्दिभ्स (२) | ३१ | १२४ | २९ | १३० | 43 | 75 | **40** | **85** | **40** | **85** |
| भारत (३) | ४१ | ७८ | ४१ | ८० | 40 | 86 | **40** | **85** | **40** | **85** |
| श्रीलंका (४) | ३८ | ८९ | ३८ | ९३ | 38 | 94 | **37** | **102** | **36** | **101** |
| **नेपाल (५)** | **३१** | **१२४** | **३४** | **११३** | **33** | **117** | **33** | **117** | **३४** | **११०** |
| पाकिस्तान (६) | ३३ | ११७ | ३२ | १२० | 31 | 124 | **28** | **140** | **27** | **140** |
| बंगलादेश (७) | २६ | १४९ | २६ | १४६ | 26 | 146 | **26** | **147** | **25** | **147** |
| अफगानिस्तान(८) | १६ | १७२ | १६ | १७३ | 19 | 165 | **16** | **174** | **24** | **150** |

# भ्रष्टाचार नियन्त्रणका चुनौती तथा समस्याहरु

## संवैधानिक, नीतिगत र कानूनी चुनौती / समस्याहरु

- आयोगको जिम्मेवारी, अधिकार र भूमिका सबल बनाई भ्रष्टाचार नियन्त्रण गर्नु,
- भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि (UNCAC)को प्रभावकारी कार्यान्वयन गर्नु,
- आवश्यक कानून निर्माण तथा परिमार्जन गर्नु,
- अनुचित कार्य उपरको अनुसन्धान र कारबाहीको व्यवस्था गर्नु,

## सार्वजनिक सेवाप्रवाह र सुशासन सम्बन्धी चुनौती / समस्याहरु

- नियामक तथा अनुगमनकारी निकायको प्रभावकारिता अभिवृद्धि गर्नु,
- जिम्मेवारी पन्छाउने र उत्तरदायित्व वहन नगर्ने प्रवृत्तिमा सुधार ल्याउनु।

# भ्रष्टाचार नियन्त्रणका चुनौती तथा समस्याहरु

**अनुसन्धान तहकिकातसम्बन्धी चुनौती / समस्याहरु**

- भ्रष्‌टाचारका नयाँ प्रवृत्ति अनुरुप अनुसन्धानका लागि क्षमता अभिवृद्धि गर्नु,
- विज्ञ कर्मचारीहरूको पदपूर्ति र उत्प्रेरणा अभिवृद्धि गर्नु,
- नयाँ प्रविधि र उपकरणहरूको व्यवस्था गरी प्रमाणमुखी अनुसन्धान अघि बढाउनु,
- गुणस्तरीय सूचना र उजुरी प्राप्‌त गर्नु,
- आयोगका निर्णय र सुझावहरूको कार्यान्वयन सुनिश्चित गर्नु,
- परिपक्क अनुसन्धान र अभियोजन।

# संसदीय समितिसँग आयोगको अपेक्षा

- संविधानको धारा २९४ बमोजिम पेश भएका वार्षिक प्रतिवेदन माथि छलफल गरी आयोगले दिएको सुझाव कार्यान्वयन गर्न सम्बन्धित निकायहरुमा ताकेता/निर्देशन,
- भ्रष्टाचार नियन्त्रण गरी सुशासन र समृद्धि हासिल गर्न सबै निकायको सहयोग आवश्यक,
- जनप्रतिनिधिमूलक सर्वोच्च अंगबाट कानून निर्माण तथा अनुगमन/निर्देशनमा महत्वपूर्ण भूमिका,
- भ्रष्टाचार निवारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान ऐन संशोधन विधेयक पारित,
- अनुचित कार्य हेर्ने निकायको अभाव भएकोले अनुचित कार्यको जिम्मेवारी आयोगमा रहने गरी संविधान र कानूनमा संशोधनका लागि पहल।

# संसदीय समितिसँग आयोगको अपेक्षा...

- भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धि (UNCAC) को कार्यान्वयन गर्न कानून निर्माण/परिमार्जन

  (साक्षी र विशेषज्ञको सुरक्षासम्बन्धी कानून, सूचनादाताको संरक्षणसम्बन्धी कानून, सदाचारसम्बन्धी नीति/कानून, स्वार्थको द्वन्द्व नियन्त्रणसम्बन्धी कानून, निजी/गैरसरकारी क्षेत्रको भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानून)
- सम्बन्धित निकायहरुबाट उत्तरदायित्व र जिम्मेवारी बहन गराउन,
- विकास निर्माणका कार्य निर्धारित लागत, समय र गुणस्तरमा सम्पन्न गराउन,
- नेपाल सरकारका विभिन्न निकायहरुबाट हुने सेवा प्रवाह सरल, सुलभ तथा प्रभावकारी बनाउन ।

# आयोगको प्रतिवद्धता

- आयोग विकास निर्माण तथा आयोजना व्यवस्थापनको बाधक नभई विकास निर्माणको गुणस्तर कायम गर्न सहयोग पुर्‍याउन क्रियाशील रहने,

- राष्ट्रिय गौरवका लगायत अन्य आयोजनाहरू समयमै गुणस्तरीय रूपमा पुरा गर्न सहयोगी हुने गरी अनुसन्धान गर्ने,

- सार्वजनिक जग्गा अतिक्रमण गर्ने, सरकारी बजेट हिनामिना गर्ने, राजश्व असुलीमा भ्रष्टाचार गर्ने, घुस लिनेदिने लगायतका प्रवृत्तिहरू नियन्त्रण गर्ने,

- सार्वजनिक क्षेत्रका साथै निजी र गैरसरकारी क्षेत्रको भ्रष्टाचार नियन्त्रण समेत गरी समग्ररूपमा भ्रष्टाचार नियन्त्रण गर्ने कानूनी व्यवस्थाका लागि अग्रसरता लिने,

# आयोगको प्रतिवद्धता

- भ्रष्टाचार नियन्त्रण थप प्रभावकारी बनाउन अन्य नियामक निकायहरूको निरन्तर सहयोग, सहकार्य र सक्रियताका लागि क्रियाशील रहने,

- आयोगका सम्पूर्ण कामकारबाही निष्पक्ष, स्वतन्त्र, पारदर्शी र जिम्मेवारीपूर्ण ढंगले सम्पादन गरिने,

- कसैप्रति पूर्वाग्रह नराखी आयोगको संवैधानिक जिम्मेवारी र अधिकार प्रयोग गरी भ्रष्टाचार नियन्त्रण मार्फत सुशासन र समृद्धि हासिल गर्नमा केन्द्रित रहने ।

- भ्रष्टाचार विरूद्ध शुन्य सहनशिलताको नीति अंगिकार गर्दै अनुसन्धान कार्य वैज्ञानिक र वस्तुनिष्ठ वनाउने

# धन्यवाद !